नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गाईघाट, उदयपुर

☎ ०३५-४२०१३३
०३५-४२०१३२
०३५-४२०१३१
०३५-४२०७८७

प्रदेश नं.१, नेपाल

पत्र संख्याः-
चलानी नम्बरः- ४३४१

मितिः २०७८/०१/२३

विषयः- **DCCMC बैठकको निर्णय पठाइएको सम्बन्धमा ।**

श्री गृह मन्त्रालय,
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,
सिंहदरबार, काठमाडौं ।

श्री गृह मन्त्रालय,
विपद तथा द्वन्द्व व्यवस्थापन महाशाखा
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा मिति २०७८/०१/२३ गते बिहीवारका दिन प्रमुख जिल्ला अधिकारी श्री तुलसीराम सेडाईको अध्यक्षतामा बसेको District Covid-19 Crisis Management Center (DCCMC) को बैठकको निर्णय प्रतिलिपि पाना-४ (चार) यसै साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

२०७८/०१/२२

**बोधार्थः**
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रदेश नं. १, विराटनगर ।

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
प्रदेश नं. १, विराटनगर ।

श्री सामाजिक विकास मन्त्रालय,
प्रदेश नं. १, विराटनगर ।

श्री सबै स्थानीय तहहरु, उदयपुर ।
श्री रण शार्दुल गण, बोक्से, उदयपुर ।
श्री जिल्ला प्रहरी कार्यालय, उदयपुर ।
श्री सशस्त्र प्रहरी बल ५ नं. गण, उदयपुर ।
श्री राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुर ।
श्री स्वास्थ्य कार्यालय, उदयपुर ।
श्री जिल्ला अस्पताल, उदयपुर ।
श्री सरोकारवाला निकाय सबै, उदयपुर ।

इमेल : cdoudayapur@gmail.com वेबसाइट : http://daoudayapur.moha.gov.np

आज मिति २०७८ साल वैशाख २३ गते विहीबारका दिन प्रमुख जिल्ला अधिकारी श्री तुलसीराम सेडाईज्यूको अध्यक्षतामा District Covid-19 Crisis Management Center (DCCMC) को बैठक बस्यो । बैठकमा निम्नानुसारका पदाधिकारीज्यूहरुको उपस्थिति भई निम्नानुसार निर्णय गरियो ।

**सल्लाहकार:**

जिल्ला समन्वय समिति - प्रमुख श्री खडग बहादुर परियार

**उपस्थिति**

१. प्रमुख जिल्ला अधिकारी श्री तुलसीराम सेडाई - अध्यक्ष
२. प्रमुख सेनानी श्री अर्जुन बोहोरा - सदस्य
३. प्रहरी उपरीक्षक श्री भीम बहादुर दाहाल - सदस्य
४. सशस्त्र प्रहरी उपरीक्षक श्री सुधिर सुवेदी - सदस्य
५. उप अनुसन्धान निर्देशक श्री देवराज लिम्बु - सदस्य
६. जिल्ला समन्वय अधिकारी श्री ज्ञानेन्द्र प्रसाद ढकाल - सदस्य
७. जिल्ला अस्पताल मे.सु. श्री जीव नारायण मण्डल - सदस्य

**आमन्त्रित**

चौदण्डीगढी न.पा. - प्रमुख श्री खगेन्द्र राई
सहायक प्रमुख जिल्ला अधिकारी - श्री विनोद कुमार पोखरेल
स्वास्थ्य कार्यालय प्रमुख - श्री मोहन सुवेदी
प्रशासकीय अधिकृत - श्री भक्त बहादुर राई
नेकपा एमाले अध्यक्ष - श्री परमेश्वर घिमिरे
त्रियुगा उद्योग वाणिज्य संघ अध्यक्ष - श्री गजेन्द्र भगत
नेपाल रेडक्रस सोसाइटी उदयपुर शाखा महामन्त्री - श्री सुभास श्रेष्ठ
पत्रकार महासंघ अध्यक्ष - श्री भरत खडका
होटल व्यवसायी संघ - व्यवसायी श्री कमल राना

निर्णयहरु

१. गृह मन्त्रालयको च.नं. ३१५८ मिति २०७८/०१/२० को पत्रबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. मं.बै./३२१/५२८६ मिति २०७८/०१/१९ गतेको पत्र मार्फत कोभिड-१९ सम्वन्धी नेपाल सरकार, मन्त्रिपरिषद्को मं.बै.४/०७८ मिति २०७८/०१/१९ को बैठकको निर्णय कार्यान्वयन गर्न लेखि आएको हुँदा उक्त निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गरी सोको प्रतिवेदन दैनिक रुपमा गृह मन्त्रालय पठाउने ।

२. विश्वभर फैलिदै गईरहेको नयाँ भेरियन्टको कोभिड-१९ महामारी नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा उदयपुर जिल्लामा समेत संक्रमण तीव्र रुपमा बढिरहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि मिति २०७८/०१/१८ को DCCMC को निर्णयमा थप परिमार्जन र मजवुत बनाई उदयपुर जिल्लाभर मिति २०७८/०१/२४ रातको १२:०० बजेदेखि ऐ. ३१ गते राती ८:०० बजेसम्म लागु हुनेगरी देहाय अनुसार निषेधाज्ञा जारी गर्ने ।

देहाय:-

**क. सर्वसाधारणका लागि**

- अत्यावश्यक वा विशेष काम (औषधि, खाद्यवस्तु तथा अत्यावश्यक वस्तु वा सेवा खरिद विक्री) वाहेक सामान्यत कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने ।
- नेपाल सरकारद्वारा तोकिएको सामाजिक दुरी, स्वास्थ्य सुरक्षा मापदण्ड (नियमित रुपमा सावुन पानीले हात धुने, अनिवार्य माक्स र स्यानिटाईजरको प्रयोग गर्ने) को पालना गर्ने ।
- हाटबजार, मेला, जात्रा, महोत्सव, पार्टी, भोज लगायत भिडभाड हुने कार्य नगर्ने नगराउने ।
- Covid-19 को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहमा सम्पर्क राख्ने ।

**ख. सवारी साधन सञ्चालन सम्बन्धमा**

- अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, ईन्धन तथा लुब्रिकेन्ट, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दूध तथा दुग्धजन्य पदार्थ, पशुपंक्षी तथा पशुपंक्षीजन्य पदार्थ, मासु तथा मासुजन्य बस्तु बोकेका सवारी साधन, बैंक, वित्तीय संस्था, रेडक्रस, दुरसञ्चार, विद्युत, इन्टरनेट, क्वारेन्टिन, आइसोलेसन फोरहमैला व्यवस्थापन, कुरियर तथा डाकसेवा लगायतका सवारी साधनहरु विषय उल्लेख गरी सञ्चालन गर्न पाउने ।
- अत्यावश्यक सेवा तथा निर्माण सामाग्रीका ढुवानी साधन वाहेक सार्वजनिक तथा निजी सबै यात्रुवाहक तथा दुई पाङ्ग्रे सवारी साधनहरुको आवागमनमा पूर्णत रोक लगाउने ।

**ग. पसल व्यवसाय सञ्चालन सम्बन्धमा**

- खाद्यवस्तु, खाना पकाउने ग्यास, तरकारी फलफूल, दुध डेरी, निर्माण सामाग्री लगायत अत्यावश्यक पसल, व्यवसायहरु विहान ६:०० बजेदेखि विहान १०:०० बजेसम्म सञ्चालन गर्ने । डिपार्टमेन्ट स्टोरको हकमा ग्रोसरी कक्षमात्र विहान ६:०० बजे देखि विहान १०:०० बजेसम्म सञ्चालन गर्ने । अन्य पसल व्यवसाय पूर्ण रुपले बन्द गर्ने ।

- होटल रेष्टुरेण्ट तथा खाजा खाने क्यान्टिनको संचालन पूर्णरुपमा रोक लगाउने । होटल तथा पार्टी प्यालेसमा हुने विवाह, ब्रतवन्ध लगायतका धार्मिक सांस्कृतिक कार्यक्रमलाई रोक लगाउने ।
- सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, सपिङ मल, मनोरञ्जन स्थल, पार्क, सैलुन, ब्यूटी पार्लर, जीमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय, चिडियाखाना, आदि सञ्चालन गर्न नपाइने ।

**घ. सभा सम्मेलनको हकमा**

- सबै प्रकारका सभा, सम्मेलन, जुलुस, गोष्ठी, तालिम, सेमिनार जस्ता कार्यहरु सञ्चालन गर्न नपाइने ।

**ङ. उद्योग, कल-कारखाना र निर्माण कार्य संचालन सम्बन्धमा**

- उद्योग तथा कलकारखाना सञ्चालन गर्दा सकेसम्म थोरै जनशक्तिबाट सञ्चालन गर्नुपर्ने र त्यस्तो जनशक्तिलाई खान र बस्ने सुविधा उद्योग परिसर भित्रै मिलाउने, छुट्टै क्वारेन्टाइनको व्यवस्था सम्बन्धित उद्योगले गर्ने ।
- राष्ट्रिय गौरव र महत्वका आयोजना/परियोजनाको निर्माण कार्यलाई निरन्तरता दिने । निर्माण समाग्री बोकेका सवारी साधन चल्न पाउने ।
- सार्वजनिक तथा निजी निर्माण कार्य गराउँदा कामदारलाई निर्माणस्थलमा नै राख्ने व्यवस्था मिलाएर सञ्चालन गर्ने ।
- उद्योग तथा निर्माण कार्यमा संलग्न मजदुर कर्मचारीलाई एक ठाउँबाट अर्को ठाउँमा समूहगत रुपमा ओसार पसार नगर्ने ।

**च. सरकारी/सार्वजनिक कार्यालय तथा बैंक/वित्तीय संस्था संचालन सम्बन्धमा**

- सरकारी र सार्वजनिक कार्यालय तथा बैंक/वित्तीय संस्थाहरुमा अनावश्यक भिडभाड हुन नदिने र अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालय बाहेक अन्य कार्यालय आलोपालो पद्धति अनुसार कर्मचारी खटाई काम सुचारु राख्ने व्यवस्था मिलाउने । घरबाटै गर्न सकिने कामको हकमा Work From Home को व्यवस्था गर्ने, यसरी आलोपालोमा अनुपस्थित हुने कर्मचारीको हकमा कार्यलय प्रभुखले कोभिड काज जनाउने । साथै सरकारी, सार्वजनिक र अत्यावश्यक सेवाका कर्मचारीलाई कार्यालयको परिचय पत्रका आधारमा सवारी साधन चलाउन पाइने ।

**छ. विवाह तथा मृत्यु संस्कार सम्बन्धमा**

- विवाहको लागि बढीमा १० जनासम्म जन्ती जान आउन दुलाहा दुलही सहित २ बटा सवारी साधनमा ५/५ जनासम्म व्यक्ति विवाहको ब्यानर राखेर प्रयोग गरी जिल्ला भित्र वा अन्य जिल्लामा आवत जावत गर्नु पर्दा अनुमति पास आवश्यक नपर्ने ।
- विवाह (दुलहा दुलही सहित) तथा ब्रतवन्ध आयोजनाका लागि १५ जना भन्दा बढी नहुने गरी सहभागी हुन पाउने ।
- मृत्यु संस्कार, बिरामी कुरुवाको रुपमा अनिवार्य सहभागी हुनुपर्ने व्यक्तिले यस जिल्ला वा अन्य जिल्लामा जानुपर्दा सम्वन्धित व्यक्तिले उक्त व्यहोरा खुल्ने कागजात (निवेदन, अस्पतालको कागजात वा सम्वन्धित स्थानीय तहको सिफारिस) सहित जिल्ला प्रशासन कार्यालयमा अनुमतिका लागि निवेदन पेश गर्ने । यस्तो निवेदन सहितको कागजात जिल्ला प्रशासन कार्यालयको udayapurpass@gmail.com नामको Email Address मा Upload गरी पठाउन सकिने ।

**ज. विविध**

- सञ्चारकर्मी/पत्रकारको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्न सूचना विभागले जारी गरेको परिचय पत्र वा सम्बन्धित संचार गृह वा पत्रकार महासंघको परिचय पत्रको आधारमा आवत जावत गर्ने ।
- अत्यावश्यक उपभोग्य बस्तु वा सेवाको आपूर्तिमा कृतिम अभाव सिर्जना गर्ने, मूल्य वृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा आपूर्तिमा अवरोध गर्नेहरु उपर कानून बमोजिम कडा कारवाही गर्ने ।
- निर्णयको अवहेलना गर्ने वा काममा बाधा पुऱ्याउने व्यक्तिलाई संक्रामक रोग ऐन, २०२०, स्थानीय प्रशासन ऐन, २०२८ अनुसार कारवाही गरिने ।

३. भारतबाट तथा अन्य जिल्लाबाट प्रवेश गरी यस जिल्लामा बसोबास गर्ने व्यक्तिहरुको हकमा स्थानीय तहको अनुगमनमा अनिवार्य रुपमा १० दिन Home Isolation मा बस्ने ।

४. महामारीको उच्च जोखिमलाई विचार गरी स्वास्थ्य उपचार प्रयोजनका लागि आवश्यक परेसम्म निर्माण र उद्योग व्यवसाय लगायत अन्य प्रयोजनमा अक्सिजन आपूर्ति र प्रयोग गर्न रोक लगाउने । यो आदेश जारी हुनु अगावै स्वास्थ्य उपचार वाहेक अन्यत्र प्रयोग भइरहेका अक्सिजन सिलिण्डरहरु ३ (तीन) दिनभित्र सम्वन्धित अक्सिजन उद्योग वा जिल्लास्थित अस्पतालमा बुझाउन सम्वन्धित सबैमा अनुरोध गर्ने ।

५. यस जिल्लाको राष्ट्रिय जनगणना, २०७८ का सम्पूर्ण गतिविधिहरु स्थगन गर्ने ।

६. राष्ट्रिय परिचय पत्रको जिल्लास्थित अभियान अर्को सूचना नभए सम्मका लागि हाललाई स्थगन गर्ने ।